निर्णयहरु :

१. **मर्स्याङ्दी गाउँपालिकाको गाउँ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ३ मा भएको व्यवस्था अनुसारको निम्नानुसारको गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।**

१. संयोजक- अर्जुन गुरुङ ( गाउँपालिका अध्यक्ष )

२. सदस्य - होम बहादुर बि.क.( गाउँपालिका उपाध्यक्ष )

३. सदस्य -बद्रीनाथ सापकोटा ( प्रमुख प्रशासकिय अधिकृत )

४. सदस्य -प्रेम बहादुर बस्नेत ( संयोजक, सामाजिक विकास समिति )

५. सदस्य -लिला प्रसाद घले ( संयोजक, वातावरण तथा विपद व्यवस्थापन समिति )

६. सदस्य - हिरा देवी गुरुङ ( संयोजक, आर्थीक विकास समिति )

७. सदस्य -चेत बहादुर गुरुङ ( संयोजक, पूर्वाधार विकास समिति )

८. सदस्य -युवा घले ( संयोजक, सार्वजनिक सेवा तथा क्षमता विकास समिति )

९.सदस्य -कृष्ण बहादुर बि.क. ( संयोजक, विद्येयक समिति )

१०. सदस्य -प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय

११. सदस्य -राम बहादुर थापा ( प्रमुख योजना शाखा )

१२. सदस्य -दिपेस बस्नेत ( प्रमुख, पूर्वाधार शाखा )

१३. सदस्य -प्रमुख खुदी प्रहरी चौकी

१४. सदस्य -प्रमुख बाहुनडाँडा प्रहरी चौकी

१५. सदस्य -प्रमुख ने.क.पा., मर्स्याङ्दी गाउँपालिका

१६. सदस्य -प्रमुख नेपाली काँग्रेस, मर्स्याङ्दी गाउँपालिका

१७. सदस्य -नेपाल रेडक्रस सोसाईटीको स्थानिय प्रतिनिधि

१८. सदस्य - विरेन्द्र भण्डारी ( लमजुङ बाणिज्य संघ खुदी ईकाई अध्यक्ष )

१९. सदस्य - गैर सरकारी संस्था महासंघका स्थानिय प्रतिनिधि (आर सि डि सी का प्रतिनिधि )

२०.सदस्य - नविन कुईकेल ( नेपाल पत्रकार महासंघको स्थानिय प्रतिनिधि )

२१. सदस्य सचिव- डिल्ली राम शर्मा ( विपद व्यवस्थापन शाखा प्रमुख )

२.गाउँपालिकाबाट आ.व. २०७५/७६ को प्रथम गाउँसभाबाट विपद व्यवस्थापन कोषमा रु.५,००,०००।- विनियोजन गरिएकोमा विकास आयोजनाहरुको कन्टेन्जेन्सी खर्चको **आयोजना सञ्चालनबाट आएको प्रभाव न्यूनीकरण तथा विपद जोखिम न्यूनिकरण सम्बन्धि खर्चमा** गाउँ कार्यपालिकाको मिति २०७५/०५/२० को निर्णयानुसार रु ५,००,०००।०० छुट्याउने निर्णय भएकोमा उक्त रकम रु ५,००,०००।०० विपद व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो । साथै आ.व. २०७४/०७५ को नगद मौज्दातबाट आगामी गाउँसभाले अनुमोदन गर्ने गरि थप १०,००,०००।०० समेत विपद व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

३. २०७५ भदौ २७ गतेको विपदको सम्पूर्ण विवरण संकलन गरी ३ दिन भित्र प्रतिवेदन तयार गरी बुझाउने जिम्मेवारी यस गाउँपालिकाका उपाध्यक्ष श्री होम बहादुर बि.क.लाई दिने निर्णय गरियो ।

४.विपदमा राहत संकलनका निम्ति विभिन्न संघसंस्था, व्यक्तिहरुलाई सहयोगको लागि अपिल गर्ने निर्णय गरियो ।

५.२०७५ असोज ३ गते संविधान दिवसको अवसरमा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, गाउँ कार्यपालिका, विपद व्यवस्थापन समिति, राजनैतिक दलका प्रतिनिधि तथा सामाजिक व्यक्तित्वहरु

विच संविधान कार्यन्वयन तथा विपद व्यवस्थापन सम्बन्धि एक दिने गोष्ठि/अन्तरकृया आयोजना गर्ने निर्णय गरियो ।

६. गाउँपालिकाको विपत व्यवस्थापन कोषमा जन प्रतिनिधिहरुको तर्फबाट १५ दिनको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

७. विभिन्न गाउँवस्तिहरुमा जाने अवरुद्ध सडक खुलाउन तत्काल प्राविधिक ल.ई. अनुसार तत्काल काम शुरुवात गर्ने निर्णय गरियो ।

८. मिति २०७५ असोज ७ गते हुने डा. हर्क गुरुङ स्मृति दिवस कार्यक्रमको डा. हर्क गुरुङ स्मृति केन्द्रको लागि विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु.२०,०००।- सहयोग गर्ने निर्णय गरियो ।

९. २०७५ भदौ २७ को विपदमा परि घाईते भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

१०. २०७५ भदौ २७ को विपदमा परि मृत्यु भएकाहरुको आत्माको चिर शान्तीको कामना गर्दै शोक प्रस्ताव पारीत गर्ने निर्णय गरियो ।

११. यस गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखामा कर्मचारी नभएकोले यस मर्स्याङ्दी गाउँपालिका वडा नं. २ का वडा सचिव श्री अनिल गुरुङ्लाई अर्को व्यवस्था नहुँदा सम्मका लागि आन्तरिक लेखापरिक्षण शाखाको समेत जिम्मेवारी दिने निर्णय गरियो ।